# पारिजातका कवितामा वर्गपक्षधरता

**तेजविलास अधिकारी***

**लेखसार**

*प्रस्तुत लेखमा पारिजातका कविताहरूमा वर्गपक्षधरताको खोजी गरिएको छ । मानवचेतनाको विकासयात्रामा मानिसले पुराना विचार र व्यवहारलाई नयाँमा बदल्दै आफ्ना समग्र परिचयलाई सङ्घर्षको परिचायक बनाएको छ । मानवजातिको सङ्घर्षपूर्ण यात्रा नै इतिहास हो । इतिहासको सङ्घर्षपूर्ण यात्रामा मान्छेले आफ्नो कर्मलाई जीवनको परिचय बनाउँछ । उसले गर्ने बौद्धिक कर्म साहित्यिक कृतिमा यथार्थको अङ्कनका साथमा देखापर्दछ । यही आधारलाई औंल्याउँदै र समस्याग्रस्त समाजभित्रका दृश्यहरूलाई सिर्जनाका माध्यमबाट कसरी शोषण र दमनमा परेका जनताको जीवन फेर्ने साधन बनाउन सकिन्छ भन्ने चेतनाको केन्द्रीकृत अभिव्यक्ति पारिजातका कविता बनेका छन् । कविताहरूमा वर्णित यिनै विषयसन्दर्भ केलाउँदै तिनमा अभिव्यक्त वर्गपक्षधरताको व्याख्या-विश्लेषण गर्नका लागि सोद्देश्यमूलक ढङ्गले सामग्रीको सङ्कलन गरिएको छ र प्रगतिवादी मान्यताअनुरूप सङ्कलित सामग्रीको विश्लेषण गरिएकाले यसमा निगमनात्मक विधिको प्रयोग भएको छ । समाजमा भएका क्रियाकलापहरूले नै वर्गद्वन्द्व जन्मने र वर्गद्वन्द्वको सही विश्लेषणले मात्र निम्नवर्ग र दमित मुक्तिको लागि यात्रा तय हुनसक्ने निष्कर्ष पारिजातका कविताहरूको अध्ययनबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी**

वर्गद्वन्द्व, प्रतिविम्बन, नारीमुक्ति, श्रमसौन्दर्य, वर्गस्रोत ।

# [Class Favoritism in Parijat's Poetry

Tejbilas Adhikari

Abstract

*This paper seeks to unpack the class favoritism in Parijat's poetry. In the course the development of consciousness, humans tend to shift from status-quoist ideas and ideals to the new ones, and establish their identity as struggling and striving*

* उपप्राध्यापक, वाल्मीकि विद्यापीठ, काठमाडौँ ।

*ones. The perpetual journey of humans for the change is, in fact, a history. This history is based on their journey, which is full of struggle. Their action also shapes their identities. The intellectual enterprises of humans come to the fore realistically through literaty artifacts.Parrijat's poetry are the effectives means of consciousness to transform the life of opressed and suppressed ones by depicting the existing socital problems as such. The discursive analysis is done to discuss the mentioned ideas by executing Marxist perspective as a theortical framework. This paper concludes that class conflict is born out of societal activities, and through right analysis of class conflict; the road is prepared for the liberation of underclass and suppressed ones.*

**Keywords**

Class conflict, Reflection, Women's liberation, Aesthetic of labor, Origin of class.]

## विषयपरिचय

प्रस्तुत लेखमा पारिजातका कवितामा वर्गपक्षधरताको विश्लेषण गरिएको छ । पारिजात (जीवनकाल वि.सं. १९९४-२०५०) नेपाली साहित्यकी बहुमुखी प्रतिभा हुन् । उनले नेपाली साहित्यका कथा, कविता, उपन्यास, निबन्ध, नाटक, वैचारिक लेखन आदि विधामा आफ्नो सिर्जनात्मक क्षमतालाई प्रस्तुत गरेकी छिन् । झन्डै चार दशक लामो साहित्य साधनामा पारिजातलाई कविता र उपन्यास विधाले बढी चिनाएको छ । पारिजातका कविताकृतिहरू *आकाङ्क्षा* (२०१४), *पारिजातका कविता* (२०४४) र *बैँशालु वर्तमान* (२०५०) रहेका छन् । पछिल्लो समय *पारिजातका सङ्कलित रचनाहरू ग्रन्थ ५* मा उनका सबै कवितासङ्ग्रहहरू सङ्गृहीत गरेर प्रकाशन पनि गरिएको छ । पारिजातलाई उपर्युक्त कविताकृतिमा वर्गपक्षधरताको स्थितिको व्याख्या-विश्लेषण र निरूपण गर्नु यस लेखको मूल विषयक्षेत्र हो ।

पारिजातका कवितामा कुन वर्गप्रति पक्षधरता देखाइएको छ र यी कविताले स्थापित गरेको श्रमसौन्दर्य केकस्तो रहेको छ भन्ने मूल प्राज्ञिक प्रश्नमा केन्द्रित भएर तिनको वस्तुपरक र प्रामाणिक समाधान खोज्नु यस लेखको मूल उद्देश्य हो । अहिलेसम्म पारिजातका कविताहरूको विश्लेषणका सन्दर्भमा धेरै विद्वान्-समालोचकहरूले थुप्रै टिप्पणी, समीक्षा, समालोचना, शोधपत्र, शोधप्रबन्ध तयार गरिसकेका छन् । पारिजातका कवितामा केन्द्रित भएर धारागत चिन्तनका कोणबाट पनि धेरै विमर्श भई नै रहेको छ । अहिलेसम्मका पूर्वकार्यमा पारिजातका कविताहरूमा अभिव्यक्त वर्गपक्षधरता र श्रमसौन्दर्यको स्थापना विषयमा सूक्ष्म अध्ययन भएको देखिँदैन । त्यसैले यसैलाई अनुसन्धेय रिक्तता निर्धारण गरी यो लेख तयार पारिएकाले यसको प्राज्ञिक र अनुसन्धेय औचित्य स्थापित भएको छ । प्रवृत्तिपरक ढङ्गले वर्गपक्षधरताको खोजीका आधारमा पारिजातका कवितामा अभिव्यक्त श्रमसौन्दर्यको पहिचान र मूल्याङ्कनमा यो लेख सीमित गरिएको छ ।

## अध्ययनको विधि

पारिजातका कविताहरूमा वर्गपक्षधरता शीर्षकमा आधारित प्रस्तुत अनुसन्धानका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । *पारिजात सङ्कलित रचनाहरू भाग-५*

कृतिलाई प्रस्तुत अध्ययनको आधारभूत सामग्रीका रूपमा लिइएको छ भने पारिजातका पूर्वोक्त तीन ओटा कवितासङ्ग्रहका बारेमा गरिएका पूर्वाध्ययनहरूका साथै वर्गपक्षधरता र श्रमसौन्दर्यको स्थापनासँग सम्बद्ध प्रगतिवादी विचारधाराका सैद्धान्तिक कृतिलाई प्रस्तुत अध्ययनका सन्दर्भ सामग्रीका रूपमा लिइएको छ। मार्क्सवादी मान्यताका आधारमा कविताहरूभित्र रहेको वर्गपक्षधरता खोज्ने कार्य यसअन्तर्गत गरिएको छ। पारिजातका कवितामाथि भए-गरेका विश्लेषणलाई आधार मान्दै निगमनात्मक विधिको प्रयोग गर्दै विषय खोजीका निम्ति आवश्यकताअनुसार पूर्वअध्येताहरूका लेखको सहारा लिई उचित ढङ्गले मौलिक दृष्टिकोण पनि प्रस्तुत गरिएको छ। यस सामग्रीको विश्लेषणका निम्ति मूलतः स्वदेश र विदेशमा रही मार्क्सवादी कोणबाट अध्ययन गर्दै आएका सौन्दर्य चिन्तकको मार्क्सवादी विचार र विश्लेषणलाई मूल आधार बनाइएको छ।

## पारिजातका कविताहरूको विषयवस्तु

वि.सं. २०१२ देखि कविता रचना गर्न थाले पारिजातका २०३१ सालसम्म आउँदा आवेग कम र संवेग बढी प्रकट भएको पाइन्छ। यस हिसाबले हेर्दा *आकाङ्क्षा* कवितासङ्ग्रहमा युवा आकाङ्क्षा र मनको अभिव्यक्ति भएको छ भने त्यसपूर्वका कवितामा कुण्ठित मनका आलाप नै ज्यादा छन्। तिनमा उनको पीडा, व्यथा, छटपटी, धोका आदि भाव अत्यन्त उन्मुक्त ढङ्गले प्रकट भएका छन्। २०३१ सालपछि राल्फाकालीन वैचारिक र प्रबुद्ध मित्रहरूको सङ्गतले उनलाई अलि फरक बाटोतर्फ लैजाने चेष्टा गऱ्यो। २०२५ सालपछि पारिजातको चिन्तनमा विचलन आयो। उनको जीवन र सिर्जनाशैली समाजसँग सम्बद्ध हुन्छ र त्यस सम्बद्धताका क्षणमा सृजित उनका रचनाहरू विसङ्गतिवादी र समाजवादी दृष्टिकोणका मध्यबिन्दुमा आधारित छन् (सुवेदी, २०५३, पृ. २)। पारिजात अब शून्यवादी सोचबाट विसङ्गतिवादी सोचतर्फ अग्रसर हुँदै गइन्। विसङ्गत समाजभित्र नवनिर्माणका झिल्का देख्न थालिसकेकी पारिजातमा आएको फरक खालको सोचले २०३० को दशक टेक्दा कवितामा नवीन विचार र कलासहितको क्रान्तिकारी परिवर्तन देखापऱ्यो। पारिजातको समग्र साहित्ययात्रालाई कविता यात्राले पनि निर्णायक भूमिका निर्वाह गरेको छ।

पारिजातका २०३० पूर्वका कविता *आकाङ्क्षा* र *पारिजातका कविता*मा सङ्कलित रहेका छन् भने २०३१ देखि २०४८ सम्मका कविता *बैँशालु वर्तमान* कवितासङ्ग्रहमा सङ्कलित रहेका छन्। पारिजातको प्रारम्भिक कवितालेखन मूलतः निस्सारता र विसङ्गतिबोधका कोणबाट जीवनको व्याख्या गर्दै आफ्नो मिलन र वियोगको घातप्रतिघातमा केन्द्रित रहेको देखिन्छ। त्यसपछि उनका कवितामा गुरुगम्भीर विषयवस्तु र प्राञ्जल भाषाशैलीको प्रयोग हुन थालेको देखिन्छ। मनभित्रका विचारलाई घातप्रतिघातले लगाएको डढेलो यसरी प्रस्तुत गर्ने पारिजात पछिल्लो समयमा आइपुग्दा निकै ऊर्ध्वगामी सामाजिक उत्तरदायित्वमा प्रस्तुत हुन पुग्छिन्। दुई ओटा कविताकृतिमा अन्तरमनको कुण्ठा र तीव्र भावना प्रस्तुत गर्ने पारिजात *बैँशालु वर्तमान* सङ्ग्रहका कवितासम्म आइपुग्दा फरक ढङ्गले प्रस्तुत हुन पुग्छिन् :

विस्तारै बोल्नुस् महोदय विस्तारै
कस्तो डरलाग्दो कुरा माग्नु भएको ?
हुन त यी दुई थोक बेच्ने साहुहरू पनि
यहाँ हुँदै नभएका त होइनन्
तर यो देश बिक्रीको माल होइन
बेचिइँदैन सिक्किम जस्तो त। (आधुनिक भण्डार, पृ. १२९)

राष्ट्र र राष्ट्रियताजस्तो महत्त्वपूर्ण विषयमा पारिजातको दृढोक्ति कतिसम्म कसिलो छ भन्ने कुराका यस्ता उदाहरण यस चरणका कविताहरूका विशेषता बनेबाट थाहा हुन्छ । आफ्नो जीवनलाई देशको रक्षार्थ प्रस्तुत गर्ने उनको यो कविता मात्र होइन नारी र पुरुषबिचको अन्तरसम्बन्ध राम्ररी केलाएको 'मानुषी' जस्ता कविता पनि यही कालमा लेखिएको हो । पारिजात मानवअस्तित्वका सम्बन्धमा आफ्नो धारणा स्पष्टसँग राख्न सिपालु देखिन्छिन् ।

पारिजातको कवितासङ्ग्रह *बैंशालु वर्तमान*मा विषय छनोट समाजको विविध पक्षलाई समेट्ने ढङ्गले भएको छ । कविताको अन्तर्वस्तुमा यथार्थको अङ्कन कसरी भएको छ भन्दा पनि केके विषय मुखरित भएर आएको छ, प्रमुख मानिन्छ । विचारहरू कसरी ग्रहण गर्ने त भन्ने प्रश्न पनि महत्त्वपूर्ण छ । कविताभित्र समाजमा रहेको वर्गीय संरचनाको पक्ष एकआपसमा टकराएको स्पष्ट देखिन्छ । "खास समयमा शक्तिशाली बनेका कवि कुनै समयमा कमजोर पनि देखा पर्छन् । प्रगतिवादी कविको कविता लेख्ने खास आधार उसको विचारधारात्मक प्रबलता र त्यस विचारधारालाई कलात्मक रूपान्तरण गर्ने अवस्था नै हो" (भट्टराई, २०६४, पृ. ७१) । मार्क्सवादी सौन्दर्य चेतनामा खास विषय भनेकै श्रमको सौन्दर्य हो । श्रमले सिर्जना गरेको मूल्यमाथिको ग्यारेन्टी नै श्रमविभाजनको सही मानक आधार हुन्छ । पारिजातका कविताभित्र वर्गीय पक्षधरताका विविध आयाम प्रस्तुत भएको छ । हाम्रो जस्तो देशमा वर्गीय समस्याभित्र पनि विविध संरचक घटकले असजिलो बनाई सही ठाउँमा समाजलाई पुग्न बाध्य पुऱ्याएको छ । त्यसो त हाम्रो समाजका सापेक्षतामा सङ्गठन निर्माण हुने र भत्कने पनि त हुन्छ । त्यस्ता संरचनाहरूले वर्गीय हितविपरीत काम गरे समाज अधोगतितर्फ जान्छ भने सङ्घर्षपूर्ण समाजको निर्माण भए त्यसले प्रगतिशील यात्रामा समाजलाई सघाउ पुऱ्याउँछ । यस हिसाबले हेर्दा समाजको अधोगतिलाई रोकेर चेतना निर्माण गर्दै अगाडि बढ्न पारिजातका कविता सहयोगी रहेका छन् ।

वैचारिक प्रतिबद्धता र वर्गीय पक्षधरताका सम्बन्धमा धेरै बहस भएको छ । प्रगतिवादी कविताको पहिचान र प्रवृत्ति विश्लेषण गर्दा महत्त्वपूर्ण अभिलक्षण रचनामा रहेको वैचारिक प्रतिबद्धता र वर्गीय पक्षधरता हो । प्रगतिवादले कलासाहित्यलाई विचारधाराका रूपमा लिएकाले कवितामा विचारको स्पष्टता र प्रतिबद्धता आवश्यक छ । विचारप्रतिको उदासीनता र कलावादप्रतिको मोह गैर प्रगतिवादीहरूका रचनाको विशेषता हो (पौडेल, २०७५, पृ. ८८) । आजका कवितामा भने कि त पुँजीवादी विचारधाराको कि त समाजवादी विचारधाराको अभिव्यक्ति हुन्छ । समाजवादी वा साम्यवादी समाजमा मात्र मानिसको सर्वतोमुखी विकास सम्भव भएकाले वर्गविहीन समाजको स्थापनाका निम्ति प्रगतिवादी कविहरूले कलम चलाउँछन् । समाजलाई वर्गमा विभाजित गर्ने काम उत्पादन पद्धतिले गर्दछ । उत्पादनका साधनमाथि पुँजीपति वर्गको निजी स्वामित्व कायम रहने वर्गविभाजित समाजमा श्रमजीवी वर्गमाथि शोषण, दमन र अन्याय, अत्याचार भई सामाजिक असमानता, विभेद र कलह उत्पन्न भएको हुन्छ । यसको समाप्तिका निम्ति वर्गसङ्घर्ष आवश्यक हुन्छ । त्यसैले वैचारिक प्रतिबद्धता र वर्गीय पक्षधरता कुनै पनि विश्लेष्य कवितामा छ कि छैन भन्ने आधारमा नै प्रगतिवादी कविताको पहिचान हुने भएकाले प्रवृत्ति विश्लेषणको यो एउटा मुख्य आधार हो । पारिजातका कविताका केही साक्ष्यबाट यस प्रसङ्गलाई पुष्टि गर्ने प्रयत्न गरौँ :

साक्ष्य– १

फूलबारी नसप्रे  
निम्छरा विरुवाहरू पहेलिए  
आकाश र माटो हेर्नुभन्दा  
सेप हाल्ने माझको बुढो रूखलाई ढालिदिनु राम्रो  
मन

एकातिर ढलेर एकातिर उठ्ने वस्तु हो
सके हुँडलिन दिनू, जुझ्न दिनू । (संगतिहरूको आँखीझ्यालबाट, पृ. १०१)

साक्ष्य– २

जीवनका कस्ता-कस्ता रंग हुन्छन्
तिमीलाई के थाहा बाबु
महलहरू पसिनाले बन्छन्
बाटाहरू पसिनाले बन्छन्
पाठशालाहरू पसिनाले बन्छन्
यी सारा रंगीन तुमलेर टिफिन बक्स झोला
खेलौनाका यी तिरीमिरी बुट्टाहरू पसिनाले बन्छन्
यही पसिनामा तिम्रा ज्यामी आमाबाबुको पसिनाको हिसाब पनि छ ।
(तिमी मान्छेका जात हौ, पृ. १०८)

पारिजातका कविताहरूमा यस्ता उदाहरणको कमी छैन । त्यसैले त कविता श्रमको पक्षमा बोल्छन् अनि श्रमशोषणको विपक्षमा आगो ओकल्दछन् । माथि प्रस्तुत दुई ओटै साक्ष्यहरूमा कविले श्रम गर्नेप्रति सहानुभूति मात्र राखेको होइन जबर्जस्त अधिकार स्थापित रहेको विषयमा पनि श्रमिक आफ्नो अधिकार लिन सकिरहेका छैनन् भनिएको छ । अर्कातर्फ प्रत्येक माटोको अंशमा श्रमिक पसिना चुहाउँछ तथापि त्यसलाई ऐशआरामका निम्ति राज्यको उपल्लो तहका मान्छेले आफ्नो मात्र प्रयोगमा ल्याउँछन् । यस्ता विषयहरू सह्य हुँदैनन् र होइनन् । यस्ता विषयमा आवाज उठाउँदै निम्न वर्गका पक्षमा प्रत्येक कवितामा वकालत गरिएको पाइन्छ ।

## पारिजातका कवितामा यथार्थको अङ्कन र अग्रगामी यथार्थको दिग्दर्शन

प्रगतिवादी कविता पहिचान गर्ने अर्को आधार भनेको यथार्थको अङ्कन र अग्रगामी यथार्थको दिग्दर्शन हो । यथार्थको अर्थ जस्ताको तस्तै, सही, साँचो, सत्य, वास्तविक वा खसोखास भन्ने हो । यसबाट जीवनजगत्को वस्तुपक्ष जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्नु वा वस्तुजगत्को अस्तित्वलाई सर्वेसर्वा मान्नु यथार्थवादी हुनु हो (पौडेल, २०७५, पृ. ९०) । पारिजातका कवितामा सामाजिक जीवनको यथार्थ अङ्कन गरिएको छ । श्रमिक जीवनको सजीव चित्रण र पसिनाको कथा उनको कविताको आधारस्रोत हो ।

साक्ष्य– १

मेरो कामीको रङ्ग र फलामको रङ्ग
एउटै छ हजुर !
च्याँसे, पुन्टेको छालाको रङ्ग र चारोको धुलोको रङ्ग एउटै छ,
म पनि त हजुर फोहोर, मयल ध्वाँसो जस्तो छु
कामी रुने होइन कहिल्यै
उसका पसिनाको रङ्ग
मेरो आँसुको रङ्ग
एउटै छ हजुर (एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता, पृ. १२९)

साक्ष्य– २

हामी एकअर्का बिना बाँच्न सक्ने प्राणी होइनौ
म तिम्रो हात दह्रो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुऱ्याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदिकालमा पुऱ्याइसकेकी थिएँ । (मानुषी, पृ. १०६)

मानव सभ्यताको लामो इतिहासमा नारीले पुरुषद्वारा ठगिएको महसुस गरेका छन् । 'मानुषी' कविताले जति नै शोषणमा परेको भए पनि आफू पुगेको ठाउँसम्म पुऱ्याउन सहकार्य गर्नुको अर्को बाटो छैन; जिम्मेवारी भुलेको पुरुषलाई जिम्मेवार बनाउनुपर्छ भनेको छ । आजको यथार्थ यो हो । त्यसैगरी 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता' कवितामा सौन्दर्यचेतको यथार्थ नमुना पेस गरिएको छ । फलामको कालो रङ्ग र ध्वाँसोको मैलो रङ्गमा यहाँ सुन्दरता र सत्यता छ । फलामे कालो वर्णका कामीकमिनीका लागि सुन्दर छ, त्यो यथार्थ हो । सुन्दर र यथार्थ पक्ष यहाँ गहन ढङ्गले प्रस्तुत भएको छ । सौन्दर्यलाई श्रमसँग जब जोडिन्छ त्यसको सौन्दर्यानुभूति त्यत्तिकै प्राकृतिक बन्छ । निम्न आय भएका श्रमिकको यथार्थ जीवन 'आँखाको निश्चल पुतलीमा' सपाट प्रस्तुत भएको छ । जनतालाई आफ्नो धन भन्नु सन्तान अकालमा मर्दा त्योभन्दा देश मर्ने कुरा के नै हुन्छ र ! श्रम गरेर बाँच्ने र बुढो बाबुलाई बचाउने काममा लागेको सन्तानको मृत्युले निम्नवर्गको वृद्ध राज्य नै मासिएको अब देश नै नरहेको यथार्थ अनुभूति यस कवितामा उतारिएको छ । समाजमा हरक्षण यस्ता घटना स्वदेश वा विदेशमा निम्नवर्गमाथि घटी नै रहेका छन् ।

## पारिजातका कवितामा यथास्थितिविरुद्ध अग्रगामी चेतनाको अभिव्यक्ति

कवितामा अग्रगामी चेत र सौन्दर्य मूल्यको स्थापना भएको छ वा छैन भन्ने आधारमा नै कविता प्रगतिवादी हो वा होइन भन्ने कुराको निर्क्योल हुने भएकाले यथास्थितिको विरोध एवं क्रान्ति र परिवर्तन चेतनाको अभिव्यक्ति पनि प्रस्ट रूपमा आएको हुनुपर्दछ । यथास्थिति भनेको समाज जुन अवस्थामा छ, त्यस्तै रहिरहनु अथवा त्यसबाट परिवर्तन नहुनु हो । दीनहीन वर्गप्रतिको सहानुभूति र मानवतावादी दृष्टि स्वच्छन्दतावादी कवितामा पनि पाइन्छ तथापि प्रगतिवादले भने रहस्यपूर्ण आदर्शवाद, अलौकिक सत्यको स्वीकृति र वस्तुप्रतिको तिरस्कार जस्ता पक्षलाई स्वीकार गर्दैन । प्रगतिवादले साहित्यकलाको उपयोगितालाई वर्गसापेक्षतामा हेर्दै जीवनजगत्का द्वन्द्वशील यथार्थहरूलाई समाज वैज्ञानिक कोणबाट व्याख्या गर्दछ । प्रगतिवादी कवि वर्गीय दृष्टिकोण मात्र राख्दैन, वर्गीय भेदभावको अन्त्यका लागि समाजमा सङ्घर्षलाई अगाडि बढाउन क्रान्तिकारी भूमिकासमेत निर्वाह गर्दछ (मार्क्स र एङ्गेल्स, १९८९, पृ. ३०) । यस कोणबाट हेर्दा पारिजातका कविताहरूमा यथास्थितिविरुद्ध अग्रगामी चेतनाको अभिव्यक्ति स्वतः प्रकट भएको पाइन्छ ।

साक्ष्य– १

खान नपाउनेहरूको
दुई पाइलो जग्गा माग्नेहरूको
अब मसँग मृत्युको त्यो पुरानो परिभाषा छैन
आज मलाई फेरि एउटा कविता लेख्न मन लागेको छ
मृत्यु विसङ्गति होइन,
मृत्यु जीवनको अन्त होइन भनेर
मृत्यु त सहिद भएर रातो झन्डाभित्र सुरक्षित

भीडहरूबिच हिँड्दोरहेछ
मृत्युको अर्को नाउँ बलिदान रहेछ,
मृत्यु बाँच्दारहेछन्
जिउँदाहरूको मानसमा सम्झना भएर
अन्यायमा परेर मरेका मृत्युहरू
डरलाग्दा आक्रोश भएर जुर्मुराउँदा रहेछन्
प्रतिशोध भएर जताततै फुँकार गरी हिँड्दा रहेछन्
कहाँ मर्दा रहेछन् र मृत्युहरू
मृत्यु त सङ्गठन भएर
अँगालोहरूतिर बाँधिदा रहेछन्
नारा भएर भित्ताहरूतिर लिपिँदा रहेछन्
पर्चा भएर हातभरि छरिँदा रहेछन् । (मृत्यु, पृ. १३८)

साक्ष्य– २

झिसमिसेका ताजा जाँगरहरूलाई
छातीभरि कवचजस्तै लपेटी
खेत, आली, सडक र गारोहरूतिर
सल्बलाउने
पोटिला नसाहरूले जेलिएका
खैरा हातहरूको हतियार भिरी
पसिनाको दहमा एकातिरबाट हाम फाल्छ,
एउटा निमुखा बुढा ।
त्यसैले ए युवा मनहरू हो !
हुरी र आँधीको बेगहरूसँग तिखारिएर आऊ
यस ज्यानमारा भावीको
परम्परामा हत्या गरिदेऊ,
संस्कारमा हत्या गरिदेऊ
धर्ममा भए त्यहीं हत्या गरिदेऊ
महान वाणीहरूमा पनि हत्या गरिदेऊ
किनकि
हामीलाई राम्रैसँग थाहा छ
यस्ता निमुखा बुढाहरूको भविष्य कहाँ हुन्छ भनेर ।
(एउटा निमुखा बुढाको भविष्य, पृ. १४२–१४३)

साक्ष्य– ३

त्यसैले जीवन निश्चित रूपले यस्तै हुन्छ
जीवन पराजयबाट सुरु भएर विजयमा अन्त हुन्छ
कुनै सत्य काँडा नबिभ्न सक्छ पाइतालामा
कुनै समय सुस्केरामा छाम्न पर्दैन जीवनलाई
झुल्कँदा र अस्ताउँदा घाम यसरी रातै हुन्छ
जीवन आफैँ एकदिन विजय भएर जन्मन सक्छ
सुकुमारी पाइतालाहरूको भरमा उभिएर म

अनुभूतिको अन्तिम चिनारी लेख्नेछु
जीवन विजयबाट सुरु भएर विजयमा अन्त हुन्छ ।

(जीवनको पूर्व-पश्चिम, पृ. १४९)

माथिका साक्ष्यहरूको आधारमा पारिजातका कविताहरूले यथास्थितिविरुद्ध अग्रगामी चेतनाको अभिव्यक्ति दिएका छन् । आजको स्थिति डरलाग्दो छ । सपनाको हत्या भएको छ । आशाका किरणलाई बादलले ढाकेको छ । त्यसो भनेर हामी चुपचाप बस्ने होइन यो कुरूप यथास्थितिलाई तोड्दै अब अगाडि बढ्नुको विकल्प छैन । थाकेको शरीरमा पुनः ऊर्जा भर्नु छ । पाएका अपमानहरूमा आफैँले प्रतिरोधी चेतना निर्माण गर्नु छ । यथास्थिति समाजको विकास र उन्नतिका निम्ति बाधक हुने हुनाले प्रगतिवादी कवि कुरूप पक्षको चित्रण मात्र गर्दैनन्; क्रान्ति र विद्रोहको भ्रुण त्यही देख्न पुग्नु अग्रगामी चेतनाको अभिव्यक्ति हो । कवि पारिजातले साक्ष्य कविताहरू र *बैँशालु वर्तमान* कवितासङ्ग्रहभित्रका अन्य कवितामा पनि अग्रगामी चेतनाको झिल्का प्रस्तुत गर्न सफल छिन् ।

## पारिजातका कवितामा समाजवाद र साम्यवादको पक्षपोषण

समयको गतिशील प्रवाहमा पुरानाको विस्थापन र नयाँको उपस्थापना अनिवार्य प्रक्रिया नै हो । समाजलाई गतिशील बनाइराख्नका निम्ति ऐतिहासिक दृष्टिले उत्पादनमा साधन र उत्पादित वस्तुमाथि सामन्तको स्वामित्व रहेको दास युगभन्दा पछाडि र पुँजीवादी युगभन्दा अगाडिको युगलाई सामन्ती युगकै अवशेषका रूपमा मानिएको छ । सामन्त वर्गको हित र स्वार्थ पूरा गर्न बनेका विचार, सिद्धान्त, ऐन, कानुन, धर्मकर्म, चालचलन, रीतिरिवाज आदिको अन्त्यका निम्ति आन्दोलित हुने विषय नै समाजवादी मार्गतयको प्रयास हो जसले विभिन्न तरिकाले अर्को देशलाई आफ्नो अधीनमा राखी शोषण गर्ने र मूलतः सैनिक साम्राज्यवाद, आर्थिक साम्राज्यवाद र सांस्कृतिक साम्राज्यवादका माध्यमबाट मजदुर, किसान वा श्रमिक वर्गको चरम शोषण गर्ने नवनव तरिका अपनाइरहेका सन्दर्भमा त्यसका विरुद्ध चेतनासहित आत्मनिर्भरताको लडाइँ लड्न साहित्यले कति सघाएको छ ? त्यसै आधारमा कविता वा साहित्यमा रहेको समाजवाद र साम्यवादको पक्षपोषणको सूचकाङ्क रचनाभित्र खोज्न सकिन्छ । परनिर्भर अर्थतन्त्रले सांस्कृतिक हस्तक्षेपलाई बढावा दिन्छ । त्यसैले प्रगतिवादी कविताको पहिचान र त्यसको प्रवृत्ति केलाउने सम्बन्धमा सामन्तवाद, साम्राज्यवाद र पुँजीवादका सबैखाले विकृति, विसङ्गति र उत्पीडनको विरोध नै समाजवाद र साम्यवादको पक्षपोषण हो । मूलतः प्रगतिवादी कविको कविता लेख्ने आधार भनेको उसको विचारधारात्मक प्रबलता र त्यस विचारधारालाई कलात्मक रूपान्तरण गर्ने अवस्था नै हो (भट्टराई, २०६४, पृ. ७१) । समाजवाद र साम्यवादको पक्षपोषणका निम्ति कविको विचारधारात्मक प्रबलता र रूपान्तरणकारी दक्षता नै महत्त्वपूर्ण मानिन्छ । यस दिशामा अगाडि बढ्ने क्रममा पारिजातका कविताहरू सशक्त वैचारिक हतियार र वर्गपक्षधरताको स्थापना गर्ने माध्यम बनेका छन् ।

साक्ष्य– १

यो भविष्य
एउटा बिन्तीपत्र लेखेर
अलिकति घुस खुवाएर, सोर्स-फोर्स लगाएर
अथवा एक झरी वर्षा जस्तो एक झर नारा लगाएर हुने होइन
दुई चार जना मान्छे मारेर पनि हुने होइन
त्यसैले एक जागरुक युवा पाखुराहरू हो ।
इतिहासको यसै मोडमा आएर

आफ्ना वर्तमानहरूलाई धरौटी राख
यस व्यवस्थालाई टक्टक्याउन थाल
यस व्यवस्थालाई हिसाब माग
यो त पसिनामा नुहाउनेहरूको
मुक्ति आन्दोलन हो
यो त एउटा वर्गको नै भविष्यको ग्यारेन्टी हो
यो त एउटा भीषण युद्ध हो । (एउटा निमुखा बुढाको भविष्य, पृ. १४४)

साक्ष्य– २

मान्छे मरुभूमि होइन
रगत पाल्दिैन भन्छ
रगत उम्लन थालेपछि पोख्न पर्छ भन्छ
नदी नै हो मान्छेको सहने शक्ति, पचाउन त सबै पचाउँछ
तर यस नदीमा पनि खतरा रेखा हुन्छ भन्छ
बाढ, आउनुपर्छ भन्छ बाढ
रगतको हिसाब किताब त हुन्छ, हुन्छ
किनकि मान्छे मरुभूमि होइन । (मान्छे मरुभूमि होइन, पृ. १४१)

समाजवाद प्राप्तिका निम्ति त आशाको सञ्चार चाहिन्छ । एउटा अदम्य साहस चाहिन्छ अनि चाहिन्छ अलिकति आत्मविश्वासको भण्डार । नसकिएका लडाइँ जित्न सकिन्छ । आफैँ हार मानेर थकित भए त कसरी ऊर्जा आउँछ ? प्रगतिवादी कविहरू सामन्तवाद, साम्राज्यवाद र पुँजीवादसँग लड्न न्याय र समानताको नाराले मात्र पुग्दैन भन्छन् । त्यसका लागि त एउटा आन्तरिक शक्ति निर्माण गर्ने समाजवादी चरित्रसहितको सङ्गठन भए पुग्छ । सांस्कृतिक र आर्थिक परनिर्भरता घटाएर लाखौं युवालाई उत्पादनमा केन्द्रित गर्न सकोस् । माथिका साक्ष्यहरूका आधारमा पनि हामी कवि पारिजातका कविताले वर्गपक्षधरताको खुलेर महिमागान मात्र गरेको छैन, मान्छे जाति नै त्यस्तो जाति हो जो विचारले सुसज्जित हुन्छ, व्यवहारले सक्रिय हुन्छ, हिजोभन्दा आज झन् उत्साह थप्दै अरूलाई समेत जगाएर अगाडि बढ्छ ।

## पारिजातका कवितामा वैज्ञानिक भौतिकवादी जीवनदृष्टि

द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टि अँगाल्नु भनेको वस्तुजगत्लाई गतिशील, परिवर्तनशील र स्वसत्तासम्पन्न द्वन्द्वात्मक चरित्रको स्वीकार गर्नु हो । पापपुण्यका भय र लोभ देखाएर जनतालाई शोषण गर्ने अवस्थामा अध्यात्मवादी वा आत्मवादीहरूले पुऱ्याएका छन् । प्रगतिवादी कविहरू मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी वैज्ञानिक दर्शन र दृष्टिबाट अनुप्राणित भएका हुनाले परम्परागत धार्मिक, नैतिक मूल्यप्रति विद्रोह गर्दछन् । उनीहरू सामन्ती पुँजीवादी संरचनामा आधारित ईश्वरीय अस्तित्वलाई चुनौती दिँदै मानिसका शक्ति र सामर्थ्यमा विश्वास गरी वस्तुगत भौतिकवादी जीवनदृष्टिलाई आत्मसात् गर्दछन् । रचनाभित्र वैज्ञानिक भौतिकवादी जीवनदृष्टि छ वा छैन भन्ने कुराले पाठकमा कस्तो विचार सञ्चरण हुन्छ भन्ने विषय आकर्षित हुन्छ । यस हिसाबले पारिजातका कविताहरू कस्ता देखिन्छन् भन्ने प्रमाण पेस गर्न केही साक्ष्यहरू हेरौँ :

साक्ष्य– १

कहाँ मर्दारहेछन् र
भोका किसान र जिउँदै डढ्ने सुकुमवासीका मृत्युहरू

उनीहरूको मृत्यु त
सङ्घर्ष गर्न तम्तयार आएको
विशाल-विशाल जुलुसमा हिँड्ने सङ्घर्षकारीहरूको
पाखुरी-पाखुरीमा
मुठी-मुठीमा
कसम भएर
अठोट भएर
प्रतीज्ञा भएर
ज्यूँदैज्यूँदै जाग्दा रहेछन्, बल्भिmदाँ रहेछन्
मृत्यु र सङ्गीन भएर
वर्गशुत्रको छातीतिर तेसिँदा रहेछन्
बन्दुक भएर पड्किदा रहेछन् । (मृत्यु, पृ. १३९)

साक्ष्य– २

यो थाप्लोमा नाम्लोको डाम
अझ आलै छ
हुन्छ नै सबैको
एउटा एउटा रामकहानी
दोहोऱ्याउँदै कस्ता के पाइन्छ ?
अस्ति, हिजो र हिजोआज
अतीत भइसक्यो
छाम्नु सियोको टुप्पो बराबर छैन अतीत
सच्याउन नसकेर के हुन्छ र अतीत
बैँशालु वर्तमान आफ्नो हो
इतिहास भनेर सम्झिदिनु अतीतलाई
सार्थक हुन्छ हत्केलाको वर्तमान
हिँड्दा-हिँड्दै बजार बाटो
कुइनेटो, झ्याङ झाडी हुँदो
भेटिन्छन् मन नपरेकाहरू वर्तमानमा
आँखा जुधाउन सकिन्छ
सामना गर्न सकिन्छ
जसले आफूलाई हराएको छ
उसलाई जित्न सकिन्छ । (बैँशालु वर्तमान, पृ. १२१)

पारिजातका पछिल्ला चरणका प्रत्येक कवितामा वैज्ञानिक भौतिकवादी जीवनदृष्टि प्रस्तुत भएको देखिन्छ । नारीले आदिकालदेखि नै नरलाई सहयात्रा र सहअस्तित्वका निम्ति आग्रह गर्दै आएका छन् । नारी पुकारा गरेर बाँच्न चाहन्न । नारी सहअस्तित्वको लडाइँ लड्न चाहन्छे तथापि ऊ प्रार्थना वा पूजापाठ गरेर त्यो प्राप्त गर्न सकिन्छ भन्नेमा छैन । एकातिर समाज अन्धभक्तिमा रमाइरहेको छ, पुरुष नारीलाई सहयोगीको रूपमा बुझिरहेको परिवेश छ भने अर्कोतर्फ नारी र पुरुष एकअर्काका परिपूरक रहेको र यो नै वैज्ञानिक भौतिकवादी दृष्टि रहेको पुष्टि उनका कविताका साक्ष्यले गरेको छ । जति धेरै दुःख सम्झेर ईश्वर पुकारा गरे पनि केही प्राप्त नहुने तर आफ्नो शक्ति चिनेर दुःखमा पनि सुख खोज्ने र असहज अवस्थालाई पनि सहज वातावरणतर्फ मोड्न पटकपटक

प्रयास गर्नुपर्ने जीवनवादी दृष्टि पारिजातका कवितामा उपस्थित रहेको छ। 'मानुषी', 'मृत्यु', 'बैशालु वर्तमान' जुनकुनै कविताबाट हामी उदाहरण पेस गर्दै त्यसको सहज र सपाट वर्णन विश्लेषण गर्न सक्दछौँ ।

## पारिजातका कवितामा देशभक्तिपूर्ण भावनाको अभिव्यक्ति

राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताका दृष्टिले नेपालले पनि पराधीनता स्वीकार गर्नु परेन तथापि हाम्रो अर्थनीति र उत्पादन सम्बन्धहरूले हामीलाई व्यवहारमा एक थोक र सिद्धान्तमा अर्को थोक बनाइदिएको छ। शासनसत्तामा बस्ने व्यक्तिविशेष वा दलविशेषले गरेका कमीकमजोरी सिङ्गो नेपाली जनताको होइन। शासकीय स्वार्थ वा कमजोरीप्रति पटकपटक आवाज उठाउँदै जनतालाई सचेत बनाउने काममा प्रगतिवादी कविहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपाली कवितायात्राकी अपराजिता प्रतिभा पारिजातले आफ्ना कवितामा देशभक्तिपूर्ण भावनाको अभिव्यक्ति अत्यन्तै घनीभूत रूपमा गरेकी छिन्। नेपाली सिपमाथि भएको हस्तक्षेप होस् वा नेपालमाथिको आर्थिक र सांस्कृतिक हस्तक्षेप त्यो कुनै नेपालीलाई स्वीकार नभएको र त्यसको डटेर प्रतिकार गर्ने उद्घोष उनका कवितामार्फत भएको छ।

साक्ष्य– १

बरु म तपाइँलाई केही राजनैतिक मठाधीशहरूको भण्डाफोर बेचूँ ?
पचास प्रतिशत डिस्काउन्टमा
लिनुहुन्छ केही ?
हो यो उर्वरा धरतीलाई नङ्ग्याइएको रात
अनि यो हो कुमारी नदीहरूलाई हातपात गरेको क्षण
यो हो जनआस्थाको अपहरण
यो धोका हो, यो विश्वासघात। (आधुनिक भण्डार, पृ. १२९)

साक्ष्य– २

जिउँदो मान्छेको मुटु जिउँदो मान्छेले
हत्केलामा यसै निचोर्न सक्दैन
एउटाले अर्कोलाई मार्नै पर्छ
यसो गर्नलाई
तथापि होश गर्नू त्यो मुटु मृतकको मुटु हुनेछ। (आन्दोलन, पृ. ९९)

कवितामा श्रम र श्रमसौन्दर्यका माध्यमबाट स्थापित हुने पक्ष मात्रै अङ्कित भएर पुग्दैन। कविताभित्र जनतालाई देशको महत्त्व र देशलाई उन्नतिको शिखरमा पुऱ्याउने वाचामा दृढ र सचेत तुल्याउनुपर्दछ। आम नागरिक आफ्नो गणको बाजी राखेर आफ्नो भूमिको स्वाधीनताप्रति सचेत हुन्छन्। कसैको दमन, उत्पीडन नसहने स्वभाव साम्राज्यवाद र उपनिवेशवाद स्वीकार गर्दैनन्। *बैँशालु वर्तमान*भित्रका एक दर्जन कवितामा यस्तो देशभक्तिको नमुना बुझाउने स्पष्ट उदाहरणहरू रहेका छन् जसले पारिजातको देशप्रतिको अगाध आस्था र प्रेमभाव मात्र नभएर देशवासीको समेत सम्मान गरेको छ।

## पारिजातका कवितमा शोषण र असमानताको विरोध

प्रगतिवादी कविहरू समाजभित्रका सामाजिक, सांस्कृतिक शोषण र असमानताको विरोध सँगसँगै उठाएर थप अन्य पक्ष जस्तै त्यसभित्रको मसिनो विषय जाति, क्षेत्र, अल्पसङ्ख्यक आदिको

भाषा, वेशभूषा र अधिकारप्रति पनि त्यतिकै सचेत हुन्छन् । पुरुषको तुलनामा नारीको अधिकार स्थापना गर्न र त्यसलाई समानताको स्तरमा उठाउन परेको अप्ठ्यारोलाई समेत प्रगतिवादी कविले सही ढङ्गले काम गर्न जरुरी छ । *बैँशालु वर्तमान* कवितासङ्ग्रहभित्र जम्मा २६ ओटा कविताहरू रहेकामा यस सङ्ग्रहका धेरै कवितामा सबैखाले शोषण र असमानताको विरोध एवं समतामूलक समुन्नत समाजको परिकल्पना गरिएको छ । 'मानुषी', 'एउटी स्वास्नीमान्छेको अन्तर्वार्ता', 'जुठी दमिनीको अभिव्यक्ति', 'आमा', 'प्रेमकथा', 'बलात्कृतको बयान' जस्ता कविताले नारी र पुरुषका बिच समाजले गरेको असमान व्यवहार र त्यो असमानता हटाउन गर्नुपर्ने अठोट अत्यन्त सुन्दर ढङ्गले उठाइएको छ । एकातिर नारीलाई गर्ने व्यवहारमा क्रान्ति नै ल्याउन जरुरी देख्ने पारिजात अर्कातर्फ मूलतः मजदुर वर्गको पीडा र पेटको प्रश्नमा झनै केन्द्रित रहेकी छिन् । निम्न वर्गका मानिस कसरी बाँच्छन् यस्तो स्थितिमा; उनले गम्भीर प्रश्न उठाइदिएकी छिन्; 'एउटा निमुखा बुढाका भविष्य', 'तिमी मान्छेका जात हौ' जस्ता कवितामा । निराशाबाट माथि उठेर राज्यमा समान हैसियत खोज्नुपर्ने विषयमा केन्द्रित रहेको छ ।

साक्ष्य– १

मेरी साथी ऊ भन्थी
कि उसले एउटा ठूलो जात र ठूलो हैसियतको तन्नेरीसँग प्रेम गरेकी थिई,
प्रेमको प्रतिदान स्वरूप ठालुहरूले उसलाई कपाल खौरेर गाउँ घुमाइ दिएका थिए,
उसको काँतर प्रेमी आमाको काखभित्र लुक्न गएको थियो
ऊ प्रेमको आवाज बोकेर गाउँ डुली,
बदलामा उसको सर्वस्व खोसियो,
गाउँका जाली फटाहाहरूले उसका शरीरलाई सिङ्गै लुटे र उसलाई यो वेश्या हो भनिदिए,
मेरी साथी आज ऊ बौलाही भएकी छे,
उसका जाली परेका आँखाहरूमा तिमी स्वास्नी मान्छेहरूका विवश कथा पढ्न सक्छौ । (प्रेमकथा, पृ. ११७)

साक्ष्य– २

म अनभिज्ञ छु
कोसँग तिमीले हात मिलायौ
कोसँग मलाई बार्गेन गरायौ
र कसलाई तिमीले आफ्नै चिनारी बेच्यौ
एउटा घाँटीबाट विवश म
सुस्केरा र सुसेली छोडिरहेछु
बुझ,
कत्रो अन्तर्विरोधमा म बाँचेको छु । (मनको आकाश र घाइते कल्पना, पृ. १३२)

पारिजातका कविताले सामन्तवादी ढाँचामा बाँचिरहेको समाजमा स्वास्नीमानिसहरूले भोग्नुपरेका पीडा, यातना र लैङ्गिक हिंसाको मात्र विषयउठान गर्दैनन्, जातीय आधारमा भएका अमानवीय व्यवहारको समेत खुलेर विरोध गर्दछन् । हाम्रो पुरुषशासित समाज नारीमाथि धेरै पीडा थोपरेर पनि हाँसेको छ । पारिजातका कविताहरूमा स्पष्ट नारीपीडाका वर्णन-विवरण पाउन सकिन्छ । कविले सामाजिक रूपान्तरणको अभियानमा नारी त जाग्नु छ नै पुरुष हुँ भन्ने र दुर्व्यवहार गर्ने स्वाँठहरूलाई समेत सबक सिकाउनु छ भन्ने उद्घोष गरेकी छन् ।

## पारिजातका कवितामा आमूल परिवर्तनको चेतना

कविता विचारधाराको सङ्गठन मात्र पनि होइन, कलाको चित्रजाल त हुँदै होइन । कविता विम्बमय भाषाको त्यस्तो मानवीय अभिव्यक्ति हो जसको प्रत्येक अक्षर सुस्पष्ट हुनुपर्छ, शब्द सन्तुलित र अर्थपूर्ण हुनै पर्छ । कविता आमूल परिवर्तनको चेतना र रूपान्तरणको सन्देश प्रवाह गर्ने माध्यम बन्नुपर्दछ । प्रगतिवादी कविहरूले आफ्ना रचनामा समाजको तथ्य प्रस्तुत गरेर मात्र पुग्दैन । आलोचना गरेर मात्र आफ्नो भूमिका पूरा भयो भन्ने ठान्नु हुँदैन । सामान्य सुधारको लक्ष्य निर्धारण गरेर मात्र पुग्दैन । यसमा यथास्थितिका विरुद्धको आलोचनाका साथसाथै आमूल परिवर्तन गर्ने स्पष्ट लक्ष्य भेदनकारी विचार हुनै पर्दछ । प्रगतिवादी कविहरू अहिलेसम्मको सामाजिक उत्पादनका साधन र स्रोतमाथि निश्चित मालिक वा पुँजीपतिहरूले एकाधिपत्य गरेको र त्यो नै वर्गविभेदको कारण भएकाले त्यस्तो उत्पादन सम्बन्धलाई उल्टाउँदै समान वितरणको सिद्धान्तमा आधारित राज्यव्यवस्थाको पक्षमा उभिन्छन् । पारिजातका कवितामा पनि यही स्वर स्पष्ट रूपमा अभिव्यक्त भएको छ । उनले बहुराष्ट्रिय कम्पनीले गरेको शोषणको तीव्र विरोध गरेकी छिन् :

साक्ष्य–१

रगत ?
त्यो पनि महोदय गालाको लाली जस्तै
बेच्नै नहुने माल हो
तर बेस्कन निर्यात हुन्छ, बस निर्यात हुन्छ
तर आजभोलि स्वदेशमा यसको भीषण माग बढिरहेको छ
स्वदेशलाई यो नभइ नहुने भइरहेको छ
त्यसैले यहाँको एकथरी वर्ग
रगतको निर्यातमाथि रोक लगाउन सचेत छन् । (आधुनिक भण्डार, पृ. १२८)

साक्ष्य– २

गल्ती गऱ्यो, जसले सङ्गीनमा उनिएको
सुकुम्बासी बाबुको रक्ताम्य लाश हेरेपछि
नाबालक छोराका आँखाहरू ढुङ्गा हुन्छन् भन्ने ठान्यो
गल्ती गऱ्यो, जसले खरानीको डल्ला भएको
छोराको लाश देखेपछि
सुकुम्बासी बाबुको छात्ती बाँझो बगर बन्छ भन्ने ठान्यो ।
नाबालक आँखाहरू ढुङ्गा हुन सक्दैनन्
बुढाको छाती बाँझो बगर हुन सक्दैन
आलो चिहानमाथि फुल्नै परेको छ
सक्रियताका फूलहरू
मान्छे मरुभूमि होइन । (मान्छे मरुभूमि होइन, पृ. १४१)

साक्ष्य– ३

चट्याङ पड्केको बेस एक-दुई चोट
सुतेको ज्वालामुखी राम्रो होइन
बिउँझन दिनू, विस्फोट हुन दिनू
सके युद्धलाई अँगालो हाल्नु, हतियारलाई स्वाई खाइदिनू
मन

एकातिर क्रान्ति गरेर एकातिर शान्त हुने वस्तु हो
मन
एकातिर भत्केर एकातिर निर्माण हुने वस्तु हो ।

(सङ्गतिहरूको आँखीझ्यालबाट, पृ. १०२)

*बैँशालु वर्तमान*भित्रका धेरै कविताहरूले आमूल परिवर्तनको चेतना र रूपान्तरणको सन्देश प्रवाह गरेका छन् । रूपान्तरणको अर्थ सामन्ती एवं पुँजीवादी समाजव्यवस्थाका समग्र विकृति र विषमताहरूको अन्त्य गरी मान्छेबाट मान्छेमाथि गरिने सबै प्रकारका शोषणबाट मानव समुदायलाई मुक्त गर्नु र जाति, वर्ग, वर्ण, धर्म आदिका रूपमा विभक्त सामाजिक परम्पराको अन्त्य गरी समतामूलक समाजको स्थापना गर्नु हो (गौतम, २०४९, पृ. ९७) । प्रगतिवादीहरू जीवनजगत्का गतिशील यथार्थलाई स्वीकार गर्दै वर्तमानबाटै अतीतको मूल्याङ्कन गर्ने र भविष्यको सुन्दर कल्पनासमेत गर्ने गर्दछन् । भविष्यको कल्पना वा दिग्दर्शन वा सन्देश कवितामा भएन भने त्यसले परिवर्तनकामी चेत निर्माण गर्न सक्दैन । माथिका साक्ष्यले आमूल परिवर्तनप्रतिको चेतना र रूपान्तरणको सन्देश प्रवाह गरेका छन् ।

## निष्कर्ष

कवि पारिजातले नेपाली समाजका सापेक्षतामा मात्र नभएर सिङ्गो मानव जातिको मुक्तिको विषयलाई आफ्ना कविताहरूमा अङ्कन गरेकी छन् । नेपाली राजनीतिक परिस्थिति र समाजको शोषणको चक्रव्यूह राम्ररी बुझेकी कवि पारिजात निर्मम ढङ्गले पुरुष सत्ताको आलोचकसमेत बनेकी छिन् । उनका कविताहरूले मूलतः राज्यको कानुन हातमा लिएर लुट्ने र आफूलाई शासक ठान्नेहरूप्रति औँला उठाएकी छन् । नियम, कानुनरूपी औजार प्रयोग गर्ने अनि आफूले मनलाग्दी गर्न नपाउँदा जनताको ढाड सेक्ने शासकलाई आँखामा आँखा जुधाएर जवाफ दिन सके मात्र परिवर्तनको अर्थ र औचित्य स्थापित हुन सक्छ भन्ने कुरामा पारिजात आफ्ना कवितामा सचेत देखिन्छिन् । श्रममा जति घोटिए पनि निम्न आय भएका मजदुर वर्गका मानिस र घरेलु हिंसादेखि सामाजिक विभेद र राष्ट्रिय व्यवहारले किनारातर्फ धकिलिएका लाखौँ महिलाको मुक्तियात्रा विद्रोहबाट सम्भव छ भन्ने उद्घोष पारिजातका कविताहरूले गरेका छन् । पारिजातले नेपालका सन्दर्भमा मात्र सीमित नभएर उखरमाउलो पितृसत्ता जहाँजहाँ छ त्यहाँ श्रमशोषणले थिलथिलिएर बाँचेकाहरूको पक्षमा आफ्ना आवाजलाई कवितात्मक कलाका माध्यमबाट बुलन्द बनाएकी छन् । पारिजात आफ्नो कवितामा समाजमा कायम रहेको सामन्तवादी ढाँचालाई श्रममा लाग्नेहरूले श्रमको मूल्यबोध गर्दै भत्काउनुपर्छ भन्ने विचारमा अडिग छिन् । श्रमशोषणलाई बचाउने काममा पितृसत्ता सहयोगी बनेको छ । श्रमशोषणका जग नहल्लाएसम्म समानताको आशा गर्नु बेकार छ । यस दृष्टिबाट हेर्दा पारिजातका कविताहरूले निम्न वर्ग वा श्रमिक वर्ग वा हुँदाखाने वर्गका पक्षमा वकालत गरेका छन् । उनी प्रगतिवादको सैद्धान्तिक पृष्ठाधारबाट समाजभित्रका नारी, दलित र समग्र अन्याय र उत्पीडनमा परेकाको मुक्ति सम्भव छ भन्ने कुरालाई आफ्ना कविताका माध्यमबाट सशक्त रूपमा अभिव्यक्त गरेकी छन् । समग्रमा जीवनलाई वैज्ञानिक दृष्टिकोणले सुसज्जित पार्दै शोषणका यावत् कारकतत्त्व र शोषणप्रक्रियाको अन्तका निम्ति निरन्तर सङ्घर्षमा होमिनुपर्ने मूल वैचारिक चेतना पारिजातका कविताले दिएका छन् । यही नै पारिजातका कविताको वर्गपक्षधरताको मूल शक्ति हो ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, गोपीरमण (२०७६). *प्रगतिवादी समालोचना.* काठमाडौँ : टुकुमाया उपाध्याय ।

किरण (२०६२). *सङ्घर्षको दर्शन* (दोस्रो संस्क.). काठमाडौँ : जनदिशा प्रकाशन

गौतम, देवीप्रसाद (२०४९). *प्रगतिवाद.* काठमाडौँ : श्रीमती मुना गौतम ।

चापागाई, निनु (सम्पा.) (२०७६). *मार्क्सवादी साहित्य चिन्तन* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

चैतन्य (२०६४). *मार्क्सवादी कला दृष्टि र समीक्षा* (दोस्रो संस्क.) काठमाडौँ : ऐतावती प्रकाशन प्रा.लि. ।

चैतन्य (२०६४). *क्रान्ति र सौन्दर्य.* काठमाडौँ : प्रगतिशील साहित्य अध्ययन केन्द्र ।

त्रिपाठी, सुधा (भाद्र-चैत्र, २०६२). नारीवादी चेतनाको संवाहका रूपमा मानुषी कविता. *कविता.* ८६, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. १२०–१३६ ।

पाण्डेय, ताराकान्त (२०५६). *प्रगतिवाद र कविता.* काठमाडौँ : शिला योगी ।

पाण्डेय, ताराकान्त (२०६५). *अर्थ भ्रान्तिको उत्तरचेतनाका विरुद्ध.* काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

पाण्डेय, ताराकान्त (२०६८). *समय, सिर्जना र संवाद.* काठमाडौँ : अर्थ प्रकाशन ।

पारिजात (२०५४). *पारिजातका सङ्कलित रचनाहरू.* दक्षिण सिक्किम : निर्माण प्रकाशन (ग्रन्थ-५)

पौडेल, गोपीन्द्र (२०५९). *सौन्दर्यबोध र समीक्षा विविध.* काठमाडौँ : उर्मिला पौडेल ।

पौडेल, गोपीन्द्र र सुवेदी, धनप्रसाद (२०७७). *प्रज्ञा समकालीन नेपाली समालोचना* (सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, हेमनाथ (२०७५). *प्रगतिवाद र कवितासम्बन्धी मान्यता.* काठमाडौँ : पौरवी प्रकाशन ।

भण्डारी, जगदीशचन्द्र (२०५५). *प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण.* काठमाडौँ : मुन्नी भण्डारी ।

भण्डारी, जगदीशचन्द्र र पाण्डेय, ताराकान्त (सम्पा.) (२०६८). *प्रतिनिधि नेपाली समालोचना.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

भट्टराई, रमेश (२०६६). कविता र यसको रचना प्रक्रिया. *वेदना.* ३४ (१/७३), पृ. ६७–८१ ।

मार्क्स र एङ्गेल्स (सन् १९८९). *साहित्य र कला.* मस्को : प्रगति प्रकाशन ।

शर्मा, अनिल (२०७४). *समकालीन साहित्य र संस्कृति.* काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

शर्मा, सुकुम (२०६२). *पारिजातका कविताको अध्ययन.* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शर्मा, सुकुम (२०७८). *समकालीन नेपाली कवितामा युगचेतना.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सिलवाल, हरिप्रसाद (२०७४). *नेपाली प्रगतिवादी कविताको इतिहास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३). *सृजन विधाका परिधिमा पारिजात.* वाराणसी : भूमिका प्रकाशन ।